शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा,अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प.स-२०८३/०८४
च.नं ७

मिति:२०८३०७१२

जनहितमा जारी जरुरी सूचना !

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र जल तथा मौसम विज्ञान विभागबाट जारी मनसून सम्बन्धी विशेष बुलेटिन अनुसार बंगालको खाडीमा विकसित चक्रवात अर्नव थप शक्तिशाली भई यही मिति २०८३।०७।१२ देखि २०८३।०७।१४ गतेसम्म चट्याङ्ग हावाहुरी सहित भारी वर्षा हुनसक्ने सम्भावना रहेकाले उक्त अवधीमा सम्भावित भारी वर्षा तथा प्रतिकूल मौसमका कारण बाढी, पहिरो, डुवान, हावाहुरी लगायतका विपदजन्य जोखिम उत्पन्न हुनसक्ने र यसबाट मानवीय तथा भौतिक क्षति हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै जोखिम न्यूनीकरण तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन नगरपालिकाले पूर्व तयारीका लागि सरोकारवाला निकायसंग आवश्यक समन्वय गरेको जानकारी गराउँदै उल्लेखित समयभित्र देहाय बोजिमका सतर्कता अपनाउनुहुन सम्पूर्ण नगरवासीहरुमा हार्दिक अनुरोध छ ।

१. भारी वर्षाको समयमा अनावश्यक यात्रा नगर्नुहोला। अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कनुहोला।
२. नदी, खोला, खोल्सा तथा बाढीपहिरो आउन सक्ने सम्भावित स्थानमा नजानुहोला र जोखिमपूर्ण स्थानबाट आवतजावत नगर्नुहोला।
३. पहिरोको जोखिममा रहेका बस्ती, भिरालो जमिन, कमजोर घर तथा जोखिमयुक्त सडक आसपास विशेष सतर्कता अपनाउनुहोला।
४. बाढीपहिरोको संकेत देखिकोमा वा जोखिम बढेको पाइएमा तत्काल सुरक्षित स्थानमा सरी छिमेकी तथा सम्बन्धित निकायलाई खबर गर्नुहोला।
५. खोलामा पानीको बहाव बढेको अवस्थामा खोला तर्ने, माछा मार्ने, दाउरा संकलन गर्ने वा अन्य कामका लागि खोला किनारमा जाने कार्य नगर्नुहोला।
६. चट्याङ र हावाहुरीबाट जोगिन खुला स्थान, अग्ला रूख तथा कमजोर संरचनामुनि नबस्नुहोला।
७. घरपरिवारका सदस्य, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा बिरामीको सुरक्षामा विशेष ध्यान दिनुहोला।

<u>आकस्मिक सम्पर्क नं हरु</u>

नगर प्रमुख ९८५७०२९४७६
नगर उपप्रमुख ९८४९२२६४६४
प्रमुख प्रशासकीय अधिकृत ९८५७०६९९१५
विपद फोकल पर्सन ९८५७०७८९१५
इलाका प्रहरी कार्यालय ९८५७०६३३८७

२०८३०७१२

नारायण प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत